# खाँडाचक्र नगरपालिकाको
# स्वास्थ्य तथा सरसफाई ऐन २०७६ लाई (प्रथम) संसोधन ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

| क्र.सं. | दफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ऐनको नाम शीर्षक | खाँडाचक्र नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ | खाँडाचक्र नगरपालिका स्वास्थ्य ऐन, २०७६ | सरसफाई संवन्धि छुट्टै ऐन वनाउन आवाश्यक भएकोले |
| २ | | लाई शब्द हटाई अधिकारहरू .......... .................. र स्थानिय सरकार भन्ने शब्दको विचमा नयाँ ब्यवस्था थप गर्ने । | ... कानून निर्माणगरी सुनिश्चित, नियमित ब्यवस्थित गर्न वान्छनिय भएकोले नेपालको संविधानको धारा २२६ ... | संविधानले स्थानिय सरकारलाई कानुन निर्माण गर्ने अधिकार खुलाउन आवाश्यक भएकोले |

| क्र.सं. | दफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३. | दफा २२ को उपदफा (१) र (२) हटाई दफा २२ (१) (२) र (२क) थप गरिएको | **स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड र पुर्वाधार :**<br>(१) नगरपालिकाले संचालन गर्ने अस्पतालको मापदण्ड यसप्रकार हुनेछ–<br>**अस्पताल** : नगरपालिका आफैले ताकिएको मापदण्डमा अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।<br><br>(२) नगरपालिकाले संचालन गर्ने स्वास्थ्य संस्थाको मापदण्ड यसप्रकार हुनेछ–<br>**स्वास्थ्य चौकी** : नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नुपर्नेछ : | **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः**<br>(१) **अस्पतालः** नगरपालिका आफैले ताकिएको मापदण्डमा ५ देखी १५ शैयासम्म क्षमताको नगर अस्पताल संचालन गर्न संचालन स्विकृती दिन सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन कार्यविधि तर्जुमा गरी संचालन गर्नेछ ।<br><br>(२) नगर भित्र रहेका स्वस्थ्यचौकी, गाउँघरक्लिनिक, शहरी स्वस्थ क्लिनक, सामुदायिक स्वस्थ इकाईहरूवाट दिइने स्वास्थ्य सम्बन्धी सेवाको गुणस्तरियता कायम गर्ने पहिलो जिम्मेवारी | स्वास्थ्य संस्था संचालन मापदण्ड २०७८ अनुरुप वनाउन आवाश्यक भएकोले । |

| क्र.सं. | दफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | (क) **जनशक्ति** : स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट)—१ जना, अहेव–२ जना, अनमी–२ जना तथा आवश्यकता अनुसार सहायक कर्मचारीहरू<br><br>(ख) **भवन कोठा** : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्व तथा उत्तर प्रसुति कक्ष, औजार एवम् सामाग्री निर्मलीकरण कक्ष जस्ता सुविधा सहितको भवन ।<br>(ग) **उपकरण** : प्राथमिक उपचारका तोकिए बमोजिमका आधार भूत उपकरणहरू । | नगरपालिकाको हुनेछ । त्यस्ता स्वास्थ्य संस्थावाट उपलब्ध हुने सेवाको गुणस्तरिता कायम गर्न, गुणस्तर सुधारको लागि नगरपालिकाले कार्ययोजना वनाई कार्यन्वयन गर्न सक्नेछ ।<br><br>(२क) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पीक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरूसँको साझेदारीमा वा नगरपालिका आफैंले आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नसक्नेछ । | |

| क्र.सं. | दफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४ | दफा २२ को उपदफा (४) हटाइएको | (४) **अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड**: नगरपालिकाको स्वीकृतीमा संचालन हुने १५ शैया सम्मको अस्पतालहरूले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।<br>(क) **जनशक्ति**: कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी ।<br>(ख) **भवन तथा कोठा**: दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ आदि ।<br>(ग) **उपकरण र पूर्वाधार**: सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइट सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने । | ..................................... | उक्त ब्यवस्था ऐनमा राख्न उपयुक्त नभई दफा २२ को उपदफा (१) ले नगर कार्यपालिकाले नियमावली कार्यविधी वनाई लागुगर्ने अधिकार प्रत्यायोजन गरेकोले |

| क.सं. | दफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ५ | दफा ३४ हटाइएको | **३४. सरसफाइ तथा फोहोर मैला व्यवस्थापन** :<br>(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।<br>(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरू परिचालन गरि सवै घरपरिवारसम्म वितरणगर्नेछन् ।<br>(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्नेछ । | ........................................ | फोहोर मैला व्यवस्थापन छुट्टै ऐन निर्माण गर्न आवाश्यक भएकोले । |

| क्र.सं. | दफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | (४) एक परिवारको शौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।<br>(५) स्वास्थ्य जन्य फोहरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमनका लागि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम हुनेछ ।<br>(६) प्रत्येक स्वास्थ्य संस्थाले तोकेको मापदण्ड बमोजिम जोखिमरहित र जोखिमयुक्त फोहरहरूलाई छुट्‌याई व्यवस्थापन गर्ने कर्तव्य हुनेछ ।<br>(७) प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थाले सेवा प्रदायकलाई स्वच्छः खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ । | | |

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत